# MEDICAID नवीकरणहरू

VERMONT LEGAL AID
WORKING TOGETHER FOR JUSTICE

2020 मा सङ्घीय सरकारले COVID-19 महामारीका कारण Medicaid बन्द गर्ने विशेष नियमहरू बनायो। यी नियमहरू हालै परिवर्तन गरियो। भर्मन्टले अब अप्रिल महिनाबाट Medicaid को नियमित नवीकरण प्रक्रिया खोल्ने छ। तपाईं Medicaid लाई चाहिने आम्दानी, उमेर र निवासका आवश्यकताहरू अझै पनि पूरा गर्नुहुन्छ भने यसमा रहनु हुने छ। तपाईं यसमा योग्य हुनुभएन भने तपाईंको कभरेज बन्द हुन सक्छ। यसो भयो भने तपाईंले अन्य प्रकारका बीमाका लागि साइन अप गर्ने मौका पाउनु हुने छ। **तपाईंसँग Medicaid नवीकरण प्रक्रियाका बारेमा केही प्रश्न वा चिन्ताहरू छन् भने स्वास्थ्य हेरचाह एडभोकेट कार्यालय यहाँ तपाईंको मद्दतका लागि छ।**

## Medicaid नवीकरण:

Medicaid नवीकरण प्रक्रिया 2023 को अप्रिलमा फेरि सुरु हुने छ। भर्मन्ट हेल्थ कनेक्ट (VHC) ले तपाईंलाई जानकारी अनुरोध गर्ने नवीकरण पत्र पठाउने छ। तिनीहरूले तपाईंलाई Medicaid मा रहन चाहिने आम्दानी, उमेर र निवासका आवश्यकताहरू पूरा गरे नगरेको निश्चित गर्न जानकारी पठाउन अनुरोध गर्न सक्छन्। तपाईंले आफ्नो हालको आम्दानीको प्रमाण प्रदान गर्नु पर्ने हुन्छ।

तिनीहरूले Medicaid नवीकरणहरूको सबै काम एकै पटकमा गर्ने छैनन्। यसको साटो उनीहरूले आगामी 14 महिनाभन्दा बढीमा ब्याचहरूमा नवीकरण चिठीहरू पठाउने छन्। यी चिठीहरूको प्रतिक्रिया जनाउँदै VHC ले अनुरोध गरेको जानकारी प्रदान गर्नु महत्त्वपूर्ण छ।

## तपाईंको सम्पर्कसम्बन्धी जानकारी अपडेट गर्नुहोस्:

VHC सँग भएको फाइलमा तपाईंको पत्राचार गर्ने हालको ठेगाना, फोन नम्बर र इमेल ठेगाना भए नभएको तपाईंले सुनिश्चित गर्नुपर्छ जसकारण तिनीहरूले तपाईंलाई नवीकरणका चिठीहरू र अन्य महत्त्वपूर्ण अपडेटहरू पठाउन सक्छन्।

यो जानकारी नवीनतम भए नभएको निश्चित गर्न तिनीहरूलाई **855-899-9600** मा सम्पर्क गर्नुहोस् वा **vermonthealthconnect.gov** मा गएर तपाईंको पोर्टलबाट लगइन गर्नुहोस्।

## बन्द गर्ने सूचना:

तपाईं Medicaid लाई चाहिने आम्दानी, उमेर र निवासका आवश्यकताहरू अझै पनि पूरा गर्नुहुन्छ भने यसमा रहनु हुने छ। तर तपाईं Medicaid कभरेजका लागि योग्य हुनुहुन्न भने VHC ले तपाईंलाई तपाईंको लाभ समाप्त हुनुअघि नै बन्द हुन लागेको सूचना पठाउनु पर्छ। बन्द हुने मितिभन्दा अगाडि तिनीहरूले तपाईंलाई सूचना प्रदान गर्नुपर्छ। Medicaid कभरेज तोकिएको महिनाको अन्तिम मितिसम्म बन्द हुने छैन।

## विशेष नामाङ्कनको अवधि:

तपाईंसँग Medicaid का लागि योग्यता छैन भने र तपाईं Medicare मा हुनुहुन्न भने तपाईं आफ्नो कभरेज समाप्त हुँदा VHC बाट स्वास्थ्य बीमा योजनाका लागि साइन अप गर्न विशेष नामाङ्कनको अवधि प्राप्त गर्न सक्नुहुन्छ। तपाईंको Medicaid बन्द भइसकेपछि तपाईंले VHC बाट बीमाका लागि साइन अप गर्न **60 दिन** पाउनु हुने छ।

तपाईंको रोजगारदाताले बीमा प्रस्ताव गरेको खण्डमा तपाईंको Medicaid बन्द हुँदा तपाईं उक्त कभरेजका लागि साइन अप गर्न सक्नुहुन्छ। तर द्रुत रूपमा कार्य गर्न महत्त्वपूर्ण हुन्छ। रोजगारदाताको बीमाको विशेष नामाङ्कनको अवधि 30 दिनसम्म सीमित हुन सक्छ।

## Medicare:

तपाईंसँग Medicare र Medicaid र तपाईंको बीमाका विकल्पहरूका बारेमा प्रश्नहरू छन् भने व्यक्तिगिकरण गरिएको सुझावका लागि स्वास्थ्य हेरचाह एडभोकेट कार्यालयमा फोन गर्नुहोस्।

## प्रश्नहरू भएमा हामीलाई सम्पर्क गर्नुहोस्:

स्वास्थ्य हेरचाह एडभोकेट कार्यालय भनेको स्वास्थ्य बीमा वा हेरचाहमा पहुँच पुर्‍याउने बारेमा प्रश्नहरू भएका भर्मन्ट निवासीका लागि निःशुल्क र गोपनीय स्रोत हो। तपाईंसँग Medicaid ले कसरी नवीकरणका प्रक्रिया गर्छ भन्ने बारेमा केही प्रश्नहरू छन् वा कुनै स्वास्थ्य हेरचाहसँग सम्बन्धित अन्य समस्या छन् भने हामीलाई फोन गर्नुहोस्। तपाईं हाम्रो हेल्पलाइन **1-800-917-7787** मा सम्पर्क गर्न सक्नुहुन्छ। तपाईं हाम्रो वेबसाइटमा थप जानकारी पनि प्राप्त गर्न वा vtlawhelp.org/health मा अनलाइन मद्दत अनुरोध पेश गर्नुहोस्।